# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

## मल्लरानी गाउँपालिका,

## प्युठान

## शुभकामना

खासगरी नेपालको संविधान,२०७२ प्रस्तावनमा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसका साथै राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधार मा भेदभाव गर्ने छैन भनी व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । यसरी नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ ।

मल्लरानी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ निमार्ण गरि कार्यन्वयन चरणमा लगेका विदित नै छ । यो लैससास निति प्रभावकारी रुपमा कार्यान्वयन गरि उपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका क्षेत्र भित्र हुने हरेक विकासका प्रयासहरुलाई योजना तथा बजेट तर्जुमाको समयदेखि नै सेवा प्रवाहका लागि यो रणनीतिले संरचनाहरुलाई लैङ्गिक सम्वेदीनशील हुने गरि तर्जुमा, अनुगमन र मुल्यांकन प्रणालीलाई नतिजामुखी बनाउन सहयोग पुग्ने विस्वास लिएको छौं । हाम्रा हरेका नीति तथा कार्यशैलीहरुमा लैङ्गिक सम्वेदनशील दृष्टिकोण अवलम्वन गरि लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न लैससास रणनीतिको ठूलो भूमिका हुने अपेक्षा राखेको छु । रणनीति कार्यन्वयनको क्रममा प्राप्त पृष्ठपोषणका आधारमा रणनीतिलाई समयानुकुल परिमार्जन गर्दै लगिनेछ ।

यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरूसहित निरन्तर सहयोग गर्नुहुने गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकार कर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । अन्तमा, यस **लैससास रणनीति** तयार गर्न आर्थिक सहयोग गर्नुहुने **प्रदेश प्रशिक्षण प्रतिष्ठान** लुम्विनी प्रदेश र बबई मिडिया तथा परामर्श सेन्टर प्रा.लि. बर्दिया प्रति मल्लरानी गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

..............................................

अमर ध्वज राना

अध्यक्ष

## शुभकामना

सामाजिक विकास क्रमसँगै वर्षौ देखि महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, किशोरकिशोरी, यौनिक तथा अल्पसख्यक एबं जेष्ठ नागरीक लगायत पछाडि परेका वा पारिएका बर्ग एबं समुदायहरू लैङ्गिक  बिभेद, असमानता र सामाजिक वञ्चितीकरणमा परेको यथार्थतालाई नकार्न सकिदैन । देशमा लोकतान्त्रीक गणतन्त्रको स्थापना र संघिय संरचना अनुरुप ३ तहको सरकारको अवधारणा कार्यान्वयन भइरहदा पनि घर-परिवार एबं समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्बजनिक सेवा प्रबाह गर्ने सरकारी, गैरसरकारी निकायहरु र निजि क्षेत्र जस्ता सार्वजनिक औपचारिक निकायहरुमा समेत लैङ्गिक  बिभेद र सामाजिक वञ्चितीकरणको अवस्था विद्यमान छ ।

समाजमा विद्यमान लैङ्गिक बिभेद, जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मान्यता, महिला हिंसा, यौन दुरब्यबहार एबं महिला शोषण र उत्पीडन, गरिवी आदि जस्ता विसंगतीहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा निर्मित राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा नेपाल सरकारबाट अभिव्यक्त गरिएका विभिन्न अन्तराष्ट्रिय कानुनहरुहरुको परिपालनालाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न प्रत्यक्ष मार्गनिर्देश गर्न सहयोग पुग्नेगरी मल्लरानी गाउँपालिकाबाट लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण ५ वर्ष रणनीति निर्माण गरिएको हो ।

रणनीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता,इच्छाशक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचतेना अभिवृद्धि गरी गाउँपालिकाको हरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा **लैससासलाई** मुलपव्राहीकरण गर्ने सोच,ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन,अन्तर- निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

यस रणनीतिको माध्यमबाट गाउँपालिका र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत गाउँपालिकाले आगमी दिनमा स्थानीय तहको नीति,कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचनालाई लैससास रणनीति मार्फत लैससास मैत्री, संवेदनशील तथा उतरदायी बन्न सहयोग हुने छ भन्ने अपेक्षा सहित सस्थागत रूपमै लागु गर्ने कार्यमा सफलता मिल्ने विश्वास पनि लिएको छु ।

.........................................

सरिता जीसी

उपाध्क्षय

## संक्षेपीकरणको सूची (Abbreviation)

आ.व. : आर्थिक वर्ष

गा.पा. : गाउँपालिका

न.पा. :नगरपालिका

गाविस . :गाउँ विकास समिति

जि.स.स. : जिल्ला समन्वयन समिति

रायोआ. : राष्ट्रिय योजना आयोग

वि.व्य.स.. : विधालय व्यवस्थापन समिति

गैसस : गैर सरकारी संस्था

व.कि.मी. : वर्ग किलोमिटर

कोविड – १९ : नोवेल कोरोना भाइरस २०१९ (माहामारी)

लि. : लिटर

लैससास . : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

हे. : हेक्टर

**विषय सूची**


परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचीत्य ........ १

१.१. पृष्ठभूमि : ........ १

१.२ मल्लरानी गाउँपालिकाको परिचय : ........ १

१.३. मल्लरानी गाउँपालिकाको लैससास रणनिति तयारीको उद्देश्य, बिधी तथा प्रक्रिया ........ २

१.४ लैससास परिभाषा - मुख्य शब्दावलीहरु ........ ३

२. नाम र प्रारम्भ : ........ ३

३. संक्षेपित शब्दावली र परिभाषा ........ ३

२.१ मल्लरानी गाउँपालिकाको बर्तमान अवस्था ........ ४

२.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु ........ ५

२.३ सरोकारवालाहरुको बिष्लेषण ........ ५

२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर ........ ६

२.५. लैससासमैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु : ........ ङ्चचद्दच! ख्द्दद्दण□कचण थद्द□ घङ्गद्दत्रथङ्गघ.

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु तथा प्राथमिकीकरण ........ ८

३.१. गाउँपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा व्यवस्थापन : ........ १०

३.२. लैससास शाखा वा इकाई स्थापना ........ ११

२.६ पालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु ........ ११

३.१ गाउँपालिकाको लैससास रणनितिका ........ १२

३.२ रणनिति र कार्यनीति ........ १३

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि कार्ययोजना ........ १९

३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती ........ २५

३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय वा स्रोत ........ ३२

३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली : ........ ३२

३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु : ........ ३४

३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन ........ ३६

परिच्छेद ४ एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति मल्लरानीगाउँपालिका ........ ३७

## परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचीत्य

### १.१. पृष्ठभूमि :

नेपालको संविधानको प्रस्तावनाले लैङ्गिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लगायतका राष्ट्रिय नीति तथा कानुनहरु र प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७, ले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

यसरी नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैङ्गिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ ।

### १.२ मल्लरानी गाउँपालिकाको परिचय :

नेपालको मध्ये भाग महाभारत श्रीङखलामा शीर भै दक्षिण हुदै बग्ने राप्ती नदीको सहायक नदीहरु झिमरुक,चुजा खोलाको विचमा सुन्दर मल्लरानी डाडाको काखमा मल्लरानी गाउँपालिका रहेको छ । लुम्बिनी प्रदेशमा पर्ने यो मल्लरानी गाउँपालिकामा साबिकका चुजा, धरमपानी,रस्पुरकोटका वडा नं ६,७,८ र ९ सम्म,प्यूठान नगरपालिकाका वडा नं. १,२,३,५ र १८ मिलि बनेको छ । यो गाउँपालिकाको पूर्व अर्घाखाचीको भुमिकास्थान न.पा.,मालारानी गा.पा.,दक्षिण प्यूठान न.पा. र ऐरावती गा.पा. पर्दछ भने पश्चिम प्यूठान न.पा. र उत्तर झिमरुक गा.पा. पर्दछ । ८२०४९ देखि ८३०११ पूर्वी देशान्तर र २८०२ देखि २८०७ अक्षाश बिच अवस्थीत मल्लरानी गाउपालिका करिव ८०.०९ वर्ग कि.मि. क्षत्रफलमा समुन्द्री सतह देखी करिव ४९२ देखी १८८२ मी सम्म फैलिएको छ ।

यहाँ पर्यटकीय क्षेत्रहरू, भौगोलिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक र धार्मिक हिसाबले महत्त्व बोकेका स्थलहरू थुप्रै खालका रहेका छन् । घेराको लेक जिल्लाकै अग्लो चुचुरो जहाँबाट उत्तरमा मनोरम हिमाल र पूर्व, पश्चिम र दक्षिणका फाँटलगायत ऐतिहासिक तथा धार्मिक स्थलहरू अवलोकन गर्न सकिन्छ । यही लेकको चुचुरोमा मालारानी मन्दिर छ र यसैको नामबाट गाउँपालिकाको नामकरण गरिएको छ ।

## १.३. मल्लरानी गाउँपालिकाको लैससास रणनिति तयारीको  बिधी तथा प्रक्रिया

**विधि र प्रकृयाहरु**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  रणनीति निमार्णमा एउटा पक्षलाई मात्र नभई सबै पक्षलाई र क्षेत्रलाई समेटेर लैससास उत्तरदायी बजेट तथा योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न र संरचनात्मक अवरोधहरू हटाउन र सुधारिएको जीविकोपार्जनको लागि स्रोतहरू व्यवस्थापनमा लक्षित वर्ग समुहको सहभागिता र लाभ बाँडफाँडलाई बढावा दिन मार्गनिर्देश गर्ने मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरू अपनाउन आवश्यक छ । यसै सन्दर्भमा समन्वय बैठमा यो रणनिति तय गर्नको लागि अध्यक्षको संयोजकमा ५ जनाको कार्यदल गठन भएको थियो ।

गाउँपालिकाको ऐन, नीति कार्यक्रम तथा कार्यविधि लगायतका दस्तावेजहरूको अध्ययन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लागि गाउँपालिकाले निमार्ण गरेका उपलब्ध कार्यविधिहरुको बिष्लेषण,गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको  गाउँपालिकाको-आधिकारीक-वेभसाइड बाट समीक्षा, नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ संग सम्वन्धित विषय वस्तुका आधारमा समुह छलफल अन्तरबार्ताको लागि प्रश्नावली तयार त्यस्तै गरि मुख्य व्यक्तिहरु संग सुचना संकलन तथा अन्तरवार्ता (योजना तथा प्रसासन शाखा प्रमुख, प्रमुख प्रसासकिय अधिकृत, अध्यक्ष, उपाअध्यक्ष, वडाध्यक्ष, र विषयगत शाखाका प्रमुख,) र उपभोक्ता समिति तथा लक्षितवर्गसंग समुह छलफल ,

**सहभागिहरु**

यो कार्यशाला संचालन गर्न सहभागितात्मक विधि अवलम्बन गर्नुका साथै सिकाई तथा अनुभवजन्य सिकाई प्रकृयालाई प्रयोगमा ल्याइएको थियो। कार्यशालामा निम्न अनुसारको सहभागिता रहेको थियो । गाउँपालिका अध्यक्ष, उपाअध्यक्ष, सम्बन्धित वडाका वडाध्यक्षहरु , कार्यपालिका सदस्यहरु र गाउँपालिकाका कर्मचारिहरु, सेवाग्राहिहरु तथा सरोकारवाला व्यक्तीहरु, समुह, सन्जाल

**विश्लेषणका औजारहरू**

गाउँपालिका स्थित बहुसरोकारवालाहरु सँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षलाई समेटेर संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका आवश्यकताका महत्व र लैससास मूलप्रवाहीकरण रणनीति निर्माणको आधारहरु बारेमा प्रस्तुतीकरण (Power presentation) ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट गाउँपालिकाको संस्थागत,नितिगत र कार्यक्रमको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष र अवसर, चुनौतिहरुको समूह छलफलमा (SWOT Analaysis) विश्लेषण,सरोकारवालाको नक्सांकन, अर्न्तवार्ता, गाउँपालिकामा लक्षित वर्ग/समुहको खण्डीकृत तथ्याङ्क नभएता पनि (खण्डीकृत तथ्याङ्क भित्र समावेश गरिएका कुन वर्गहरु) यस गाउँपालिका भित्र रहेका छन् र के कस्ता समस्याहरु रहेको छ भनि समुह छलफल साथै रणनितिको परिदृश्य, ध्येय, लक्ष्य र उद्देश्यहरु (VMGO) तय गरिएको थियो । अन्तिममा छलफलमा आएको र रणनितिको लागि तय गरेका विषयलाई Paper Presentation, मार्फत प्रस्तुत गरिएको थियो । प्रस्तुतिमा आएका सवाललाई  थप प्रस्ट पारि साझा बुझाई तथा सहमति कायम गरिएको थियो र ५ वर्ष रणनितिका कार्ययोजना तय गरिएको थियो ।

## १.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**१. नाम र प्रारम्भ :**

यस रणनीतिको नाम **लैङ्गिक,समानता तथा सामाजिक समावेशिता रणनीति २०७८ र**हनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## २. संक्षेपित शब्दावली र परिभाषा

क) **"स्थानीय तह"** भन्नाले मल्लरानी गाउँपालिका सम्झनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले मल्लरानी गाउँपालिकाको निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई मल्लरानी गाँउपालिका विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

घ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको मल्लरानी गाँउपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले मल्लरानी गाउँपालिकाको अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी

**छ**) **"सामाजिक बञ्चितिकरण"** : लैङ्गिकता जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ज**)**"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले मल्लरानी गाउँपालिकामा सामाजिक लैङ्गिक, तथा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गदै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) **लैंङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक, अल्पसंख्यक, कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

ट) **लैङ्गिक मूलप्रवाहीकरण** :गाउँपालिकाको कुनै पनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने प्रक्रिया नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

ठ) **लैङ्गिक समानता :**समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

ड) **लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र यौनिक तथा लैङ्गिक, अल्पसंख्यक विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**ढ**) **लैंङ्गिकमैत्री** : मल्लरानी गाउँपालिकाको सबै क्षेत्र तह र हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक, अल्पसंख्यक विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

ण) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय यौनिक तथा लैङ्गिक, अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**त) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**थ) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक, अल्पसंख्यक,आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

## २.१ मल्लरानी गाउँपालिकाको बर्तमान अवस्था

भौगोलिक आर्थिक रुपमा हेर्दा यो गाउँपालिकाको प्रमुख पेसा कृषि भएपनि बिस्तारै युवा बैदेशिक रोजगारमा जाने प्रबृत्ति र उत्पादनको तुलनामा लागत बढ्नाले यो पेशा प्रति आकर्षणको सट्टा बिर्कषण बढ्दै छ । स्थानीय उत्पादनले यहाँका बासिन्दालाई मुस्किलले ६ महिना धान्न सक्छ । कृषि उत्पदनमा मकै, धान, कोदो, गहुँ, फापर,तोरी हुन । अन्य बालीमा मास, भटमास, गहत, बोडी, केराउ, आलु, पिडालु, र अदुवा बेसार हुन । फलफुलमा लेकतर्फ सुन्तला, कागती, अमिलो (निबु) र बेसिमा केरा, आप, कटहर, मेवा, अम्बा, नासपती, लिचि आदी हुन यी मध्य सवै जसो निर्वाहमुखी छन । घरायसी प्रयोगका लागी सिमित हुन्छ । यहाँ

उत्पादित वस्तु मध्ये मुख्य रुपमा अदुवा, बोडी, भट्टमास, सुन्तला, पिडालु, बेसारका साथै स्थानीय जातका खसी, कुखुरा, घ्यू उत्पादन भएपनी औद्योगिक उत्पादनका लागी पूर्वाधार विकासमा जोडदिन पर्नेछ ।

यहाँको मुख्य आयआर्जन माथि उल्लेखित कृषि जन्य बस्तु अमृसो बाट बनेका बस्तु,दालचिनीको पात तथा बोक्रा र सल्लोको खोटो निर्यातका साथै देश र विदेशमा रोजगारका लागी जाने युवाहरुको कमाई मुख्य स्रोत हो । खाद्य लगायत लत्ता, कपडा र निर्माण सामाग्री आपूर्तिका लागी रेमिटान्सले धानेको छ । त्यसैले बैदेशिक रोजगारबाट आउने रकम नै जिवन धान्ने साहारा बनेको छ ।

## २.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

मल्लरानी गाउँपालिकाको जनसंख्याको आकडा हेर्दा राष्ट्रिय जनगणना. २०७८ अनुसार यस गाउँपालिकामा ३७४३ घरधुरी, ४१५२ परिवार संख्या र १५८४६ जनसंख्या रहेको छ । जसमध्ये महिलाको जनसंख्या ८९८० र पुरुषको जनसंख्या ६८६६ रहेको छ भने राष्ट्रिय जनगणना २०६८ अनुसार यो गाउँपालिकामा करिव २७% मगर जातिको बसोबास रहेको छ ।अन्य जातिहरु कामी, दमाई, क्षेत्री, बाहुन, नेवार, सार्की, गुरुङ, घर्ति लगाएतको जातिगत मिश्रीत बस्तीहरु छन । जातीय तथा धार्मिक सहिष्णुता र सद्भाब यहाँको विशेषता रही आएको छ । आ-आफ्नो जाती संस्कृति अनुसार हुने बिवाहको अतिरिक्त अन्तर जातिय विवाह  समेत स्वीकार्य छ । छुवाछुत प्रथा पनि हट्दै गएता पनी सामाजिक रुपमा विद्यमान छ । गाउँपालिकाबाट लैङ्गिक समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिए पनि यसको प्रभावकारीता र निरन्तरताको आबश्यक देखिन्छ ।

## २.३ सरोकारवालाहरुको बिष्लेषण

### सरोकारवाला निकाय

विभिन्न राजनैतिक दलहरु, गाँउपालिका, गाँउ शिक्षा समिति, वडा कार्यालय, वडा समिति, जिल्ला समन्वयन समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विधालयहरु,वालक्लवहरु, महिला संञ्जालहरु, आमा समुहहरु,रेडक्रस, स्काउट, गा.पा.विपत व्यवस्थापन समिति, टोल बिकास संस्थाहरु, विभिन्न धार्मिक तथा सामुदायिक संघ संस्थाहरु, अपाङ्ग महासंघ गा.पा. समिति, सरकारी संस्थाहरु, बैक तथा वित्तिय संस्थाहरु,इलाका प्रहरी चौकी,उद्योग वाणिज्य संघ (गा.पा. स्तरिय),यातायात व्यवसायी संघ (गा.पा. स्तरिय),होटेल व्यवसायी संघ (गा.पा. स्तरिय),सामादायिक वन उपभोक्ता समिति आदि ।

### सरोकारवाला निकाय उपलब्ध सेवाहरु वा कार्यक्रम

केन्द्र सरकारबाट संचालन कार्यक्रम अन्तर्गत लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमको शिर्षक राखि कार्यक्रम कार्यन्वयन चरणमा भएको, गा.पाको न्यायिक समिति मार्फत सामाजिक शोषण,दमन,उत्पिडन लगायतका मुद्धाहरुको मेलमिलापको माध्यमबाट किनारा लगाइएको छ । प्रदेश सरकारबाट लैससास परिक्षणको शुरुवात आ.ब. २०७६/०७७ देखि लागु गरिएको छ । लैससास निति २०७७ निमार्ण गरिएको छ । आगामि दिनमा लैङ्गिक उत्तरदायि योजना तथा बजेट निर्माणमा विशेष छलफल गरि अगाडि जानु पर्ने हुन्छ । गाउँपालिकाबाट लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गर्न पर्ने देखिन्छ ।

## २.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष, कमजोर पक्ष तथा अवसर र चुनौती

गाउँपालिकाबाट लैङ्गिक  समानता तथा समाबेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् ।

| सबल पक्ष | कमजोर पक्ष | लैससास मैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु | चुनौती |
|---|---|---|---|
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) **निति २०७७**,.ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधी २०७७, ज्येष्ठ नागरिक सञ्जाल तथा ज्येष्ठ नागरिक कल्याण व्यवस्थापन कार्य विधी २०७७, लैंङ्गिक हिँसा कोष स्थापना तथा खर्च मापदण्ड २०७७, आपतकालिन वाल उद्धार कोष स्थापना तथा खर्च मापदण्ड २०७७, | लैससास सम्वन्धी नीति र कार्य विधि भई कार्यन्वयन भएता पनि लक्षित वर्ग/समुहमा नयाँ बनेका संरचनाहरु पनि लैससास मुलप्रवाविकरण भएता पनि पूराना संरचनामा गर्न सकिएको छैनन् । | लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने ।<br>राज्य पुनर्संरचना अनुरुप तीन तहको सरकार मध्ये जनताबाट सबैभन्दा निकट रहेको स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आबश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने । | सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्नु, घर परिवार लगायत समुदाय तहमा लैङ्गिक बिभेद, सामाजिक असमानताको अन्त्य गर्नु, खास लक्षित बर्ग/ समुहलाई लाभान्वित बनाउनु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरी माथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौति |
| अपाँग परिचय पत्र वितरण कार्यविधी २०७५,<br>नयाँ बनेका भौतिक संरचनामा जस्तैः पिउने पानीको धारा, शौचालय, प्रतिक्षालय वालवालिका, ज्येष्ठ नागरिक, महिला र अपाङ्गतामैत्रि बनेका छन् । | पुराना भौतिक संरचना लैससास मैत्रि तथा मापदण्ड अनुसार नरहेको ।<br>वार्षिक योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा छुटै (दलित र जनजाति शिर्षक नरहेको)<br>लैससासका कार्यक्रम अनुगमनका लागि अनुगमन सयंन्त्र नभएको । | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायको उत्थान र सशक्तिकरणका लागि संरचना निर्माण साथै संस्थागत विकास तर्फ सकारात्मक प्रयासहरुको थालनी हुनु । | |
| बाल अधिकार समिति गठन कार्यविधी २०७७, हिंसा पीडित महिला तथा किशोरी | गाउँपालिका भित्र र निती अनुरुप समिक्षा गर्ने अभ्यास भएता पनि | गाउँपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको | |

| | | | |
|---|---|---|---|
| अल्पकालिन सेवा संचालन कार्यविधी २०७८, सुत्केरी शिक्षक प्रोत्साहन भत्ता कार्यविधी २०७७, | प्रयाप्त जनशक्तिको अभाव भएका कारण निर्माण गरिएका नितिहरुलाई सम्बन्धित टोल बस्तीमाका लक्षित वर्ग/समुह सम्म सुचना पुर्याउन कठिनाई । | उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट्याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिने । | हुन । |
| डिजिटल प्रोफाइल तयार भई कार्यन्वयन चरणमा सुरु भएको, सीपमुलक तथा क्षमता विकास कार्यक्रम सचालन गर्ने गरिएको, गुनासो सुनुवाइ समितिमा सम्पर्क शिक्षक महिला भएको, | विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक भएको तर खण्डिकृत तथ्याङ्क नभएको । | बिभिन्न संचार माध्ययमबाट लैससाससंग सम्बन्धीत सवालहरु उठान गर्ने र सम्बोधनका लागि सम्बन्धीत सरोकावालाको ध्यानाकर्षण गर्ने कार्यले निरन्तरता पाउनु ।<br><br>लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकारवालाबाट क्षमता बिकास सम्बन्धी कार्यक्रममा सहयोग बढेको छ | |
| वार्षिक योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा लक्षित वर्ग/समुहलाई सहभागी गराइएको र लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रमको शिर्षक राखि कार्यक्रम कार्यन्वयन चरणमा भएको, | लक्षित ब्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिचानको आधारमा वार्षिक योजना तथा कार्यक्रम निर्माण भएको तर सबै लक्षित वर्ग /समुहलाई समेट्न नसकिएको । | स्थानीय तहमा क्रियाशिल बिभिन्न संजाल र गैरसरकारी संस्थाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु । | |

## २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु तथा प्राथमिकीकरण

**सवालहरु**

क) मल्लरानी गाउँपालिकाको बिद्यमान सामाजिक संरचना, शैक्षिकस्तर, आर्थिक अवस्था र राजनैतिक तथा सामाजिक जागरण लगायतका बिद्यमान अवस्थाले गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सहज स्विकार्यता र व्यवहारिक प्रयोजनमा केही समस्याहरु ल्याएको छ।

ख) घर-परिवार लगायत समुदाय तहमा लैङ्गिक बिभेद, सामाजिक असमानताको अवस्था विद्यमान छ ।

ग) लक्षित वर्ग/समुहको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नहुदा लक्षीत बर्ग समुदायका आबश्यकताले सोचे जति प्राथमिकता पाउन कमि ।

घ) लक्षित ब्यक्ति, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिंचानको आधारमा वार्षिक योजना तथा कार्यक्रम निर्माण नहुदा स्थानीय स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन कठिनाई ।

ङ) लैङ्गिक उत्तरदायि योजना तथा बजेट निर्माण भएता पनि योजना कार्यान्वयनको प्रभावकारी मापन गर्ने अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुदा लक्षित वर्ग/समुहलाई बिकासको मूलप्रबाहमा ल्याउन कठिनाई ।

च) लक्षित बर्गको उत्थान, सशक्तिकरण र क्षमता विकासका कार्यक्रम शिर्षक छुट्याएर नआउदा उनीहरुको जिवनस्तरमा अपेक्षाकृत सुधार आउन ढिलाई ।

**सवालका विषयलाई प्राथमिकीकरण**

**योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयन**

**१.स्थानीय तहमा योजना तर्जुमा :**

(क) गाउँपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका लक्षित बर्ग/समुहहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

(ख) गाउँपालिका अन्तर्गतका बिषयगत शाखा, समिति, उप-समिति तथा बिभिन्न इकाई र जनप्रतिनिधीहरु लगायत सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रवाह र लाभ बाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गरिने छ ।

(ग) बार्षिक योजना तर्जुमाको चरणमा गाउँपालिका लक्षित समुदायहरुको सवाल तथा समस्या पहिचान गरी सम्बोधन प्रक्रिया सुनिश्चित गनका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्यावधिक गरिनेछ ।

(घ) स्थानीय जनताहरु विशेष गरी महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, विपन्न तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रम मार्फत

सामुदायिक विकास प्रक्रियामा स्थानीय ब्यक्ति एवं समुदायहरुको सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गरिने छ ।

(ङ) योजना तर्जुमाको क्रममा लक्षित बर्ग/समुहहरुको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैङ्गिक तथा सामाजिक समाबेशीकरणका साथै लैङ्गिक मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिलता अभिबृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारीहरु र स्थानीय संघसंस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिने छ ।

(च) टोल, बस्ती हुँदै वडाहरुमा योजना तर्जुमाका चरणहरुमा ३३ प्रतिशत महिला सहभागिता र सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

(छ) लैससाससंग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गरी सो को विश्लेषण र नियमित अद्यावधिक गरी योजना तर्जुमा गर्दा सो तथ्याङ्कलाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।

## २. वजेट विनियोजन :

(क) गाउँपालिकाले लैङ्गिक उत्तरदायी योजना तथा बजेट बिनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

(ख) विपन्न एवं बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धि बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिने छ ।

(ग) गाउँपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कूल कार्यक्रम केहि  रकम महिला, बालबालिका र पछाडि पारिएको समुदाय जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा नियमित लगानी गर्न सुनिश्चित गरिने छ ।

(घ) लैङ्गिक हिंसा पिडितहरु, जोखिममा रहेका असहाय एवं हेरचाह बिहीन बालबालिका र असहाय तथा हेरचाह बिहीन जेष्ठ नागरीकहरुको संरक्षणकालागि स्थानीय तहमा सेवा केन्द्रको ब्यस्थापन सम्बन्धी नियमित बजेट बिनियोजन गर्नुको साथै लैङ्गिक हिंसा पिडितहरुका लागि हिंसा पीडित संरक्षण कोष, बाल उद्धार कोष र जेष्ठ नागरीक संरक्षण कोषको स्थापना गरी परिचालन गरिने छ ।

(ङ) युवाहरुमा उद्यमशिलताको बिकास मार्फत स्वरोजगार बनाई ब्यवसायिक उत्पादन तर्फ आकर्षित बनाउन नगरपालिकाबाट युवा लक्षित कार्यक्रमहरुमा निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।

(च) गाउँपालिका लगायत सबै सेवाप्रदायक निकायहरुले कूल कार्यक्रम बजेटको निश्चित प्रतिशत रकम महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, विपन्न, एवं वञ्चित वर्गको जीविकोपार्जन र सशक्तिकरण कार्यक्रमहरुमा नियमित लगानी गर्न सुनिश्चित गरिने छ ।

(छ) किशोर किशोरीहरुको बिकास र बिभिन्न दुर्ब्यवहार बिरुद्ध वकालत गर्न सक्ने क्षमता बिकासका लागि किशोर किशोरी लक्षित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

## ३ योजना कार्यान्वयन :

(क) गाउँपलिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित वर्ग /समुहको सहभागितालाई अनिवार्य गरिनेछ ।

(ख) महिला, बालबालिका र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा गाउँपालिका लगायत वडा तहसम्म जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिनेछ ।

(ग) गाउँपालिकामा गठन गरिने बिभिन्न समिति तथा उप-समितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गरिने छ ।

(घ) गाउँपालिका क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संघसंस्थाहरुबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको वार्षिक वा आवधिक लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण, सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिने छ ।

(ङ) गाउँपालिकाका सबै किसिमका सेवा प्रबाह प्रक्रियामा लैङ्गिक सम्बेदनशिल कार्य प्रणाली अवलम्वन गरिने छ ।

(च) लैङ्गिक हिँसा बिरुद्ध सुन्य सहनशिलता अपनाउने गाउँपालिकाको दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गरिने छ ।

(छ) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरुकालागि लैङ्गिकमैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण गरिने छ ।

(ज) उपभोक्ता समितिको मुख्य निर्णायक पदहरुमा क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने ब्यवस्थालाई अनिवार्य बनाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

## ३.लैङ्गिक समानता तथा सामाजिक समाबेशी संयन्त्रहरुको ब्यवस्थापन र कार्यान्वयन :

### ३.१. गाउँपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा ब्यवस्थापन :

(क) गाउँपालिकामा लैससास इकाई/शाखा र कार्यान्वयन समिति गठन गरिनेछ ।

(ख) लैससास शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरि परिचालन गरिने छ ।

(ग) गाउँपालिकाका सबै संयन्त्रहरु र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैङ्गिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको ब्यवस्था सुनिश्चित गरिने छ ।

(घ) गाउँपालिकाका सबै वडाहरुका सामान्यतया ५० भन्दा बढी घरधुरी भएका समुदायमा महिला, वञ्चित तथा दलित वर्गको लैङ्गिक तथा समाबेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गरिने छ ।

## ३.२. लैससास शाखा वा इकाई स्थापना

१.गाउँपालिका क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरु सम्बोधन गर्न र लैङ्गिक उत्तरदायी बजेट निर्माणमा सहजीकरण एवं सहयोग पुग्ने गरी गाउँपालिकाको अन्य शाखाहरु जस्तै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना गरी लैङ्गिक क्षेत्रको जिम्मेवारी प्रदान गरिनेछ । गाउँपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई यस शाखामा रही लैङ्गिक सम्पर्क व्यक्तिको रुपमा समन्वयकारी भुमिका निर्वाह गर्न जिम्मेवारी प्रदान गरिने छ ।

२. लैसशास शाखाको काम कर्तव्य र अधिकार तोक्ने ।

३.अनुगमन, मूल्यांकन संयन्त्र व्यवस्थीत बनाउने र अनुगमन, मूल्यांकन, अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र गाउँपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

## २.६ पालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप गाउँपालिकाको लैससास रणनितिको कार्यक्षेत्र निधारर्ण गरिएको छ ।

### २.६.१.मूलप्रवाहिकरण::

गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृतिक, योजना, बजेट, पहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र गाउँपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

### २.६.२ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः

**क**) लक्षित वर्ग/समूहका विकासका अवसर  श्रोत र साधनमा पहुँच अर्थपूर्ण सहभागिता गराइ उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गरिनेछ।

**ख**) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्ति आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लगिने छ ।

ग) विभिन्न समयमा हुने महामारी हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

### २.६.३ समन्वय, सहकार्य र सहजिकरणः

क) लैससास सम्बन्धी बनेका नीति, रणनिति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ ।

### २.६.४ अनुगमन तथा मूल्यांकनः

गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।

### ३.१ गाउँपालिकाको लैससास रणनितिका

**परिदृश्य** : लैङ्गिक समानता र सामाजिक न्यायमा आधारीत भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामुलक, समृद्ध र न्यायपूर्ण मल्लरानी गाउँपालिका निर्माण,

**ध्येय** : लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन,

**लक्ष्य** : सुशासनमा आधारीत मल्लरानीको शासन प्रणालीको बिकास गरी समग्र बिकास प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्रबाहीकरण,

**उद्देश्य** :

**१** गाउँपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग⁄ समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

**२** समाजमा बिद्यमान लैङ्गिक बिभेद, सामाजिक असमानता, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

३ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैङ्गिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।

४.स्वरोजगारका अवसरमा लैङ्गिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**५** लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन संयन्त्र संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु गर्ने ।

### लैंससास रणनितिको औचित्यता :

यस रणनीतिको औचित्य **गाउँपालिकाको लैससास** अवधारणा अनुसार संस्थागत संरचना एवं व्यवस्थापन सुदृढ गर्ने र गाउँपालिकाको सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउने आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। त्यस्तै गरेर योजना तर्जुमा प्रकृयालाई बढी सहभागितामूलक बनाउने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउन, सेवा

प्रवाहलाई लैङ्गिक, समावेशी र बिपन्न एवं पछाडि परेको वर्ग प्रति बढी जवाफदेही बनाउन,साथै **लसैसास** सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा **लैससास** सवोधन गर्ने गरी **लैससास** अवधारणा सँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

## लैंससास रणनीतिको मुल्यमान्यताहरु

संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा लक्षित वर्ग, समुहको अवसर, पहुँच र स्रोत साधनको उपयोगको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ । यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो लैससास रणनीतिको महत्व छ। त्यसैले माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८" तयार गरिएको हो ।

## ३.२ रणनीति र कार्यनीति

मल्लरानी गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे अनुरुप स्थानीय तहका समग्र संरचना र विकासका योजना तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री कार्यप्रणालीको विकास गरी संस्थागत गर्दै आएको छ भने आगमि वर्षहरु लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समृद्ध गाउँपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पार्न मल्लरानी गाउँपालिकाले निम्न बमोजिमका लैससास सम्बन्धी प्रमुख रणनीतिहरु र कार्यनिति तय गरेको छ :

### रणनीति १. (उदेश्य १ सग सम्बन्धीत)

गाउँपालिकाको बिद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधारउन्मुख अभ्यासद्वारा लैङ्गिक तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने ।

### कार्यनीति (रणनिति १ सग सम्बन्धीत)

१ गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने
२.लैगिंक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।

३ लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

४. लैससास नीति र रणनीतिले निर्दिष्ट गरे बमोजिम लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक, अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने।

६ महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने

७. लैङ्गिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने।

८.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

९.सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।

१०. गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास रणनीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

११.वडा तथा समुदाय तहसम्म लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।

१२.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

१३. खण्डीकृत तथ्याँकलाई संकलन ।

**रणनीति २. (उदेश्य २ सग सम्बन्धीत)**

संरक्षणकारी व्यवस्था र निरोधात्मक उपायहरु मार्फत लैङ्गिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने ।

**कार्यनीति (रणनिति २ सग सम्बन्धीत)**

१. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा यौनजन्य दुरव्यवहार, जातीय बिभेद वा छुवाछुत, र गल्त सामाजिक अभ्यास वा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने ।

२ गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

३ बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।

४ लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने र हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने।

५. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. बिशेष हेरचाहको आबश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

७ गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरणमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपनाउनु पर्ने विषयहरु समावेश गर्ने ।

८.गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधीलाई लैससास रणनीतिको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।

९.लैङ्गिक हिंसा, घरेलु हिंसा सार्वजनिक तथा कार्यस्थालमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।

१०. प्राकृतिक बिपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला र बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।

११.बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनस्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

१२.लैङ्गिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने ।

१३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता तयार गरि प्रत्येक कार्यलयमा राख्ने र सचेतना कार्यक्रमहरु गराउने ।

**रणनीति ३ (उदेश्य ३ सग सम्बन्धीत)**

लैङ्गिक समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने ।

**कार्यनीति (रणनीति ३ सग सम्बन्धीत)**

१ लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने रणनीति लिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

२. नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाउन गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने ।

३. गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।

५.सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने

६. गाउँपालिकाका संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।

७. गाउँपालिका र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।

८.गाउँपालिका लगायत यस क्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

९.नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।

१०.सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान

११.लक्षित वर्ग/समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र सेवा सुविधामा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।

१२. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ प्रदेश र स्थानीय संघ संस्थाहरु संग सम्पर्क, समन्वय र सहकार्य

१३ सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन, गरीब परिवार पहिचान सम्बन्धी स्थानीय सर्बेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने।

१४.स्थानीय सुरक्षा योजना र व्यवस्थापन लैङ्गिक मैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

१५.सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैङ्गिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।

१६.महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने।

**रणनीति ४. (उदेश्य ४ सग सम्बन्धीत)**

उद्यमशिलता बिकास गरी विपन्न तथा पछाडी पारिएका र बञ्चित ब्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने ।

**कार्यनिति (रणनिति ४ सग सम्बन्धीत)**

१.गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग भएका व्यक्तिहरु, बिपन्न लगायत वञ्चित ब्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने।

२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन  गरी  रोजगारीका अवसर सृजना गर्ने ।

३.आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।

४.विपन्न एबं बञ्चित व्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट  सुनिश्चित गर्ने ।

५.बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

**रणनीति ५ (उदेश्य ५ सग सम्बन्धीत)**

बिपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने अनुगमन तथा मूल्याँकन संयन्त्र लैससास मैत्रि हुनुपर्ने।

**कार्यनिति (रणनिति ५ सग सम्बन्धीत)**

१ गाउँपालिकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गदै लैजाने ।

२.स्थानीय महिला, एकल महिला, अपांग भएका व्यक्तीहरु, यौनिक तथा लैङ्गिक, अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

३..स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

४.योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षित व्यक्ति वा समुदायको लैङ्गिक तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, गराउने ।

५.उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

६.गाउँपालिका तहमा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

७.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायको अनुगमन संयन्त्र (संजाल) बनेछ।

८.लैङ्गिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति हुनेछ र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने

.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि कार्ययोजना

| उदेश्यहरु | कार्यक्रमहरु | कार्यन्वयन गर्ने मुख्य निकाय | समय अवधि | लक्षित वर्ग/समुह |
|---|---|---|---|---|
| **उदेश्य.१**<br>गाउँपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग/ समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने। | १.गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br><br>२.नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>३.सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पार्श्वचित्र बनाउने ।<br><br>४. अपाङ्गता भएका व्यक्तिहरूको लागि बनेका सबै नीतिहरूमा लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br><br>५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा लक्षितवर्ग/ समुहको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने ।<br><br>६.गाउँपालिका भित्र कार्यरत सबै सामाजिक संघ संस्थामा लैससास रणनीति बनाउन उत्प्रेरित गर्ने र सबै वडालाई सुरक्षित र मर्यादित बनाउने।<br><br>७.गाउँपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई | गाउँपालिका<br>वडा<br>कार्यलयहरु | १-५ बर्ष | १. लक्षित वर्ग/समुह( खण्डीकृत तथ्याङ्क संकलनमा समाबेश भएका)<br><br>२. लक्षित वर्ग/समुह<br><br>३. लक्षित वर्ग/समुह वास्तविक तथ्याङ्क<br><br>४.अपाङ्गता भएका व्यक्ति<br><br>५. महिला, एकल महिला, एकल पुरुष, विपन्न खस आय दलित बाल-बालिका, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, मुस्लिम, पछाडि पारिएको/ परेको वर्ग, अपाङता भएका व्यक्ति, आदिका |

| | | | | |
|---|---|---|---|---|
| | सम्वोधन गर्दै भौतिक संरचनाको राम्रो व्यवस्था गर्ने ।<br><br>८.लैससास नीति र रणनितिले निर्दिष्ट गरे बमोजिम लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने।<br><br>९.स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका लक्षित वर्ग⁄ समुहका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br><br>१०. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>११.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने । | | | ६. लक्षित वर्ग⁄ समुहका लागि तय गरेको लैससास रणनीति<br>७.स्तनपान कक्ष, शिशु स्याहार कक्ष निमार्ण ।<br><br>८. लक्षित वर्ग⁄समुह पहुँचका लागि कार्यविधि वा कार्यान्वयन निर्देशिका।<br><br>९. महिला, एकल महिला, एकल पुरुष, विपन्न खस आय दलित तथा बञ्चित समुदायका व्यक्तिका<br><br>१०.लक्षितवर्ग⁄ समुह उपस्थिती पुस्तिका आदि ।<br>११. लक्षितवर्ग⁄ समुह (महिलाहरु) |
| **उदेश्य २**<br>समाजमा बिद्यमान लैङ्गिक बिभेद, सामाजिक असमानता, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक | १. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्वन्धि गाउँपालिकाको रणनिति तथा कार्यविधिहरु निमार्ण ।<br><br>२.लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने ।<br><br>३.हिंसा पिडितको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको | गाउँपालिका<br>बडा कार्यलयहरु | १-५ बर्ष | १. लक्षितवर्ग⁄ समुह<br><br>२. हिंसा पिडित महिला, वालबालिका, किशोर⁄ किशोरी ।<br><br>३. महिला, किशोरीहरु |

| | | | | |
|---|---|---|---|---|
| जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने । | व्यवस्था सुनिश्चित गर्ने।<br><br>४.गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br><br>५. समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने ।<br><br>६. आर्थिक तथा सामाजिक रुपमा पछि परेका तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>७. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>९. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट सर्वसूलभ व्याजदर मा सहुलियत ऋण दिने आय-आर्जन र स्वरोजगारको वातावरण श्रृजना गर्ने ।<br><br>१०. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमा महिला (कम्तिमा ३३%),दलित तथा अन्य सीमान्तकृत समुहहरूको निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।<br><br>११. लैङ्गिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न | | | ४. लक्षित वर्ग/ समुह<br><br>५. जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन प्रतिवेदन<br><br>६.महिला, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक<br><br>७. बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको<br><br>८. लक्षित वर्ग/समुह<br><br>९. एकल महिला, दलित तथा विपन्न वर्गका व्यक्तिहरू<br><br>१०.महिला दलित तथा अन्य सीमान्तकृत समुहहरूको<br><br>११. लक्षितवर्ग/ समुह |

| | | | | |
|---|---|---|---|---|
| | स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने ।<br><br>१२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता तयार गरि प्रत्येक कार्यलयमा राख्ने र सचेतना कार्यक्रमहरु राख्ने ।<br><br>१३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता तयार गरि प्रत्येक कार्यलयमा राख्ने र सचेतना कार्यक्रमहरु राख्ने । | | | १२.महिला, बालिका, किशोरी<br>१३. महिला, किशोरी, बालीका |
| **उदेश्य** .३<br><br>लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैङ्गिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्यलाई संस्थागत गर्ने ।<br><br>। | १.गाउँपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२.गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>३.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।<br><br>४.गाउँपालिकाको भित्रका सबै नयाँ बनेका पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्री बनाउने ।<br><br>५.गाउँपालिकाको र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने<br><br>६.स्थानीय स्रोत र सेवा सुविधामा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने । | गाउँपालिका<br>बडा<br>कार्यलयहरु | १-५<br>बर्ष | १.लैससास इकाई /शाखा स्थापना भएको<br><br>२.लैससास सम्पर्क व्यक्ती<br><br>३. लक्षितवर्ग/ समुह<br><br>४. लैङ्गिकमैत्री, जेष्ठ नागरिक मैत्री, अपाङ्ग मैत्री र बालबालिका मैत्री<br><br>५.लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण प्रतिबेदन।<br><br>६. लक्षितवर्ग/ समुह |
| **उदेश्य ४.**<br>स्वरोजगारका अवसरमा | १. गाउँपालिका क्षेत्रभित्र रहेका लक्षितवर्ग/ समुहमा कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक | गाउँपालिका<br>बडा | १-५<br>बर्ष | १. महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित |

| | | | | |
|---|---|---|---|---|
| लैङ्गिक प्रतिनिधित्व र समावेशी पहुँच सुनिश्चित गरी आर्थिक शसक्तिकरण गर्ने निरन्तर समन्वय, सहकार्य र सहजीकरण गर्ने । | जनशक्ति तयार गर्ने ।<br>२.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।<br><br>३.जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br><br>४. लक्षित वर्ग/ समुहका आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br><br>५.बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने । | कार्यलयहरु | | व्यक्ति, समुहबाट<br><br>२. लक्षितवर्ग/ समुह<br><br>३.आदिवासी जनजाति तथा दलित बर्ग<br><br>४.विपन्न एबं बञ्चित व्यक्ति,<br><br>५. विपन्न र बञ्चित समुदायको सहभागिता<br><br>६ लक्षितवर्ग/ समुहबाट पनि विपन्न र बञ्चित समुदायको सहभागिता |
| **उदेश्य.५**<br>लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन संयन्त्र संस्थागत गर्दै सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु | १.स्थानीय महिला, एकल महिला, अपांग भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक, अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br><br>२.गाउँपालिका तहमा गठन भएका लक्षित व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।<br><br>३.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच | गाउँपालिका<br>बडा<br>कार्यलयहरु | १-५ बर्ष | १.महिला, एकल महिला, अपांग, लैङ्गिक तथा यौनिक, अल्पसंख्यक, दलित आदि ।<br><br>२. लक्षीत वर्ग/समुह<br><br>३.अनुगमन संयन्त्र (संजाल) नामावली, |

| | | | | |
|---|---|---|---|---|
| गर्ने । | कार्यगत अनुगमन संयन्त्र (संजाल) बनेछ।<br><br>४.लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति बनाउने र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ। | | | कार्यविधि आदि<br><br>४. नीति तथा पद्धति। |

### ३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालित मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

#### ३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिकास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैङ्गिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

### ३.४.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षेत्रभित्रका सबै सरोकारवाला निकायले दायीत्व बोध गर्नु जरुरी छ। लैससास रणनीतिले मल्लरानी गाउँपालिका लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ। लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ। लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ।

| जिममेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| मल्लरानी गाउँकार्यपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनिति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई  अनिवार्य तथा संस्थागत गर्ने।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने।<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने,<br>▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने।<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैङ्गिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता |

| | |
|---|---|
| | मूल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट जारी गरिएका नीति, रणनिति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति सम्वेदनशिलता अपनाउने<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, यौनिक तथा लैङ्गिक, अल्पसंख्यक, बालबालिका, अपांग भएका व्यक्तिहरु, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँपालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनिति तथा कानुन पुनरावलोकन गर्न गाउँकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैंङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैङ्गिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैङ्गिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैङ्गिक  तथा समावेशी सवाल सम्बन्धी गुनासो एवं उजुरी सम्बोधनका लागि गाउँकार्यपालिकासंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने  ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने । |

| | |
|---|---|
| | ▪ गाउँपालिकाको लैङ्गिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपांग भएका व्यक्तिहरु, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लक्षित व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैङ्गिक सम्पर्क व्यक्ति | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एबं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने योनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा बिद्यमान लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।<br>▪ लैङ्गिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एबं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैङ्गिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत |

| | |
|---|---|
| | तथा पहल गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैङ्गिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैङ्गिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण व्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री व्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको व्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्ने प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाको लागि लैङ्गिकमैत्री शौचालय र बालमैत्री खानेपानी धारा तथा शौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैङ्गिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरव्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषधी दुरर्व्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने । |

| | |
|---|---|
| | ▪ अनुसन्धान प्रक्रियामा लैङ्गिकमैत्री व्यबहार तथा बालमैत्री व्यबहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री रणनीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैंङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहत, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको | ▪ लैङ्गिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षित बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैङ्गिक मैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |

| | |
|---|---|
| सञ्जाल) | ▪ |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल व्यबसायि संघ, यातायात व्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>▪ महिला,एकल महिला, एकल पुरुष, विपन्न खस आय दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ,<br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैङ्गिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैङ्गिक मैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन, लैङ्गिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) लैङ्गिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा ब्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैङ्गिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

## ३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय वा स्रोत

सरोकारवाला बिच समन्वय एवं साझेदारी गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैङ्गिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

## ३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

मल्लरानी गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैङ्गिक तथा सामाजिक समावेशीकरण उद्धेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समावेश गरिनेछ । लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिर्धित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ।**

| | | |
|---|---|---|
| क. | गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | गाउँपालिकास्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ. | महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| च. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने।

ग) स्थानीय नीति, रणनिति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैङ्गिक मैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने।

घ) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैङ्गिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने।

च) लैङ्गिक बिभेद, लैङ्गिक हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैङ्गिक हिंसा, लैङ्गिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपलिकाका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने।

**३) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| **क.** | वडा अध्यक्ष | संयोजक |
| **ख.** | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| **ग.** | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| **घ.** | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| **ङ.** | वडा सचिव | सदस्य सचिव |

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित व्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैङ्गिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देशन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

**३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :**

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास रणनीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास

तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्वयलाई प्रभावकारी बनाउने । |
| लैससासरणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास रणनीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित बर्ग/समुह समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा |

| | |
|---|---|
| आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैङ्गिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |

## ३.८ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ३.८.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

मल्लरानी गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास  कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैङ्गिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा  शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैङ्गिक  समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी  प्रावधान  र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित  प्रावधानहरुलाई आधार मानिने छ।

### ३.८.२.रणनीतिको पुनरावलोकन तथा सुधार

मल्लरानी गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

**परिच्छेद ४ एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति मल्लरानीगाउँपालिका**

**१. एकल तथा समूह केन्द्रित छलफलको लागि :**

१. संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैससास सम्बन्धित कामहरू गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, बजेट, संस्थागत संयन्त्र छ छै न ?

२. स्थानिय सरकारले केन्द्र तथा प्रदेश सरकार सँग लैससास सम्बन्धित काम गर्न कसरी समन्वय गरि राखेको छ ?

३. लैससासमूखी यो जना तथा बजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ति, एकल महिला, किशोर किशोरी तथा अन्य पिछडिएका लक्षित बर्ग समुदायहरूको अर्थपूर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?

४. लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाहृय रुपमा विभिन्न सरकारी एबम् गैर सरकारी निकायहरूसँग साझेदारी तथा समन्वय कस्तो छ ?

५. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लैससास कार्यान्यिन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लै ससासमूखी कसरी बनाउने ?

६. स्थानीय सरकारले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लैससासमूखी छ छै न र छैन भने लैससासमूखी कसरी बनाउने ?

**२. अन्तर्वार्ता (Key Informant Interview) का लागि :**

| क.स | समुह समस्याहरू | समस्याहरू | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | महिलाका समस्या | | |
| २. | दलितको समस्या | | |
| ३. | आदिवासी जनजातिको समस्या | | |
| ४. | जेष्ठ नागरिकको समस्या | | |
| ५. | किशोर किशोरीको समस्या | | |
| ६. | एकल महिला समस्या | | |
| ७. | एकल जेष्ठ पुरुषको समस्या | | |
| ८. | अपांङ्गता भएका ब्यक्तिको समस्या | | |

| | | | |
|---|---|---|---|
| ९. | पहुंच नपुगेका बस्ती | | |
| १०. | अन्य समस्याहरू | | |

## ३. बिषय केन्द्रित छलफल (Focus Group Discussion) का लागि :

| क्र.स | बिषयबस्तु | समस्याहरू | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | **लैसासमूखी दृष्टिकोणबाट सामाजिक** (शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई, कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्या तथा समाधानका उपायाहरू । | | |
| २. | २. **लैससासमूखी दृष्टिकोणबाट** आर्थिक तथा रोजगारीको समस्या तथा समाधानका उपायहरू । | | |
| ३. | ३. **लैससासमूखी दृष्टिकोणबाट** भौतिक पूर्वाधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन आदि) सँग जोडिएकाहरू समस्या तथा समाधानका उपायहरू । | | |
| ४. | ४. **लैससासमूखी दृष्टिकाणेबाट** राजनैतिक समस्या तथा समाधानका उपायहरू । | | |
| ५. | ५. अन्य समस्या तथा समाधानका उपायहरू . | | |

**सन्दर्भ सामाग्रीः**

१. https://malaranimun.gov.np/मल्लरानी पालिकाको-आधिकारीक-वेभसाइड

२.https://malaranimun.gov.np/act-law-directives/मल्लरानी पालिकाका ऐन, कानुन तथा निर्देशिका

३. नेपालको संविधान, २०७२

४. स्थानीय सरकार संचालन ऐन २०७४

५. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

६. प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७